विश्व

विध्वंश

इन्डोनेसियाको सुलाबेसी द्विपमा आएको शक्तिशाली भूकम्प र सुनामीले ध्वस्त पारेको पालु शहरको भूकम्प आउनुअघि र पछिको दृष्य।

आरोप

मलेसियाका पूर्वप्रधानमन्त्री नजिब रजाककी पत्नी रोसमाह मन्सुरमाथि मुद्रा अपचलनसम्बन्धी १७ वटा आरोप लगाइएको छ। रोसमाह विलासी बस्तुको सपिङका लागि सौखिन मानिन्छ।

2018, OCT Friday 5

वि श्व २ मि ने ट

मलेसिया

उद्धारकर्ताको मृत्यु

क्वालालम्पुर, (एजेन्सी)

मलेसियामा एउटा पोखेरीमा खसेको किशोरको उद्धार कार्यमा संलग्न छ जना तैराकीको पानीमा डुबेर ज्यान गएको छ। बुधबार आफ्ना साथीहरुसँग माछा मार्ने क्रममा पोखरीमा खसेको अनुमान गरिएका ती सत्र वर्षीय किशोरको खोजी कार्यमा तिनीहरु संलग्न रहेका थिए। स्थानीय प्रशासनले अचानक ती अनुभवी तैराकीहरु पोखरीमा पैदा भएको भुमरीमा फस्नासाथ तिनीहरुले लगाएका उपकरणहरु खसेको जनाएको छ। बिहीबार ती हराइरहेका किशोरको खोजी कार्य रोकिएको छ। सेलान्गो राज्यको सेपांग जिल्लामा रहेको सो पोखरीमा आफ्ना साथीहरु माछा मार्ने तरखरमा रहेको बेला उनी खसेका थिए।

भारत

रोहिंग्या फर्काइए

नयाँदिल्ली, (एजेन्सी)

भारतले बिहीबार ७ जना रोहिंग्या मुश्लिमलाई म्यान्मार फर्काइदिएको छ। म्यान्मारको अल्पमत समुदायका ती रोहिंग्याले अन्तिम क्षणसम्म पनि आफूहरुलाई स्वदेशमा निकै खतरा हुने भन्दै अपिल गरेका थिए। आप्रवास सम्बन्धी कानुन उल्लंघन गरेको अभियोगमा तिनीहरुलाई सन् २०१२ देखि हिरासतमा राखिएको थियो। सर्वोच्च अदालतले पनि बिहीबार बिहानै तिनीहरुको अपिलअनुसार सपुर्दगी रोक्न नसकिने निर्णय दिएको थियो। गत वर्ष आफूहरुमाथि सरकारी फौजबाट दमन हुन थालेपछि कम्तिमा ७ लाख रोहिंग्या भागेर छिमेकी राष्ट्र बंगलादेश पुगेका थिए।

बेलायत

लिव-इनलाई मान्यता

लन्डन, (एजेन्सी)

बेलायत सरकारले सबै जोडीलाई कानुनी रूपमा बिनाविवाह सँगै बस्ने, 'लिव-इन' सम्बन्धमा बस्न अनुमति दिन कानुनमा संशोधन गर्ने बताएको छ। हालको कानुनले बेलायतमा समलिंगी जोडीलाई मात्र 'लिव-इन' सम्बन्धमा बस्न अनुमति दिएको छ। प्रधानमन्त्री टेरिजा मेले बर्मिंगमनमा चलिरहेको कन्जरभेटिव पार्टीको सम्मेलनमा आफूले महिला र पुरुष जोडीसँग भइरहेको भेद्भाव अन्त्य गर्ने बताएकी छिन्। उक्त कानुन परिवर्तनले एक अर्काप्रति समर्पित तर विवाह बन्धनमा बाँधिन नचाहेका पुरुष महिला जोडीले लाभ पाउने उनले बताए। यस्ता जोडीले सामाजिक सुरक्षा पाउने पनि उनले बताइन्।

भारत

पुटिन भारतमा

नयाँदिल्ली, (एजेन्सी)

रुसका राष्ट्रपति भ्लादिमिर पुटिन दुई दिवसिय भारत भ्रमणका लागि नयाँदिल्ली पुगेका छन्। भ्रमणका क्रममा पुटिन र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच महत्त्वपूर्ण अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मुद्दामा शिखर वार्ता हुने बताइएको छ। भारत रुससँग सामरिक दृष्टिले महत्त्वपूर्ण एस-४०० एयर डिफेन्स सिस्टम खरिद गर्ने बताइएको छ। भ्रमणका क्रममा यस सम्बन्धित सहमतिमा सम्झौता हुनेछ। तर विगत केही वर्षमा विश्व मामिलामा भारतको झुकाव अमेरिकातर्फ झुकेको छ। एस ४०० विश्वको सबैभन्दा प्रभावशाली हवाई प्रतिरक्षा प्रणाली मानिएको छ। अमेरिका रुस र चीनसँग मात्र यस प्रकारको प्रणाली रहेको छ।

अमेरिकाको सैन्य सहयोगबिना साउदी नरेश दुई हप्ता पनि पदमा रहन्न : ट्रम्प

दुबई, (एजेन्सी)

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले साउदी अरेबियाका नरेश अमेरिकी सैन्य सहयोगबिना सम्भवत: दुई हप्तापनि पदमा रहन नसक्ने बताएका छन्। तेलको बढ्दो मूल्यलाई लिएर पश्चिमी एसियामा अमेरिकाको सबैभन्दा नजिकको सहयोगीमध्येको एक साउदी अरेबियामाथि दबाव बढाउन ट्रम्पको उक्त टिप्पणी आएको हो।

कच्चा तेलको मूल्य विगत चार वर्षयताकै सबैभन्दा उच्च स्तरमा पुगेपछि डोनाल्ड ट्रम्पले तेल उत्पादक देशको संगठन ओपेक र साउदी अरेबियासँग उक्त मूल्य कम गर्न पटक-पटक माग गरेका छन्।

यद्यपि विश्लेषकहरुले विश्वको उत्पादन पहिलाको भन्दा बढेकाले तेलको मूल्य प्रतिब्यारेल १ सय डलरसम्म पुग्न सक्ने चेतावनी दिएका छन्। यसबीच इरानको तेल

उद्योगमाथि ट्रम्पको प्रतिबन्ध नोभेम्बरदेखि लागू हुनेछ।

राष्ट्रपति चुनावका क्रममा ट्रम्पले अमेरिकी सहयोगीहरुलाई लामो समयदेखि दिँदै आइरहेको सैन्य सहायताको तिखो आलोचना गरेका थिए। उक्त टिप्पणीपछि ट्रम्पले आफ्नो पुरोनो अडानमा फर्कन लागेको संकेत देखाएका छन्। मिसिसिपीमा ट्रम्पले आफ्नो भाषणमा जापान र दक्षिण कोरियाको पनि उल्लेख गरे। साउदी अरेबियामाथि ट्रम्पले जुन टिप्पणी गरेका हुन् त्यो त्यहाँका राजा अल साउदप्रति लक्षित छ।

हामी साउदी अरेबियाको रक्षा गर्छौं, के तपाई उनीहरु धनी छन् भन्नुहुन्छ ? ट्रम्पले एक सभालाई गरेको सम्बोधनमा भने। उनले भने- 'म शाह सलमानलाई अत्यन्त मनपराउँछु तर मैले भनेको छु शाह, हामी तपाईलाई सुरक्षा दिइरहेका छौं। हामीबिना तपाई सायद दुई हप्ता पनि पदमा बसिरहन सक्नुहुन्न। तपाईले आफ्नो सेनाका लागि लगानी गर्नुपर्नेछ।

यद्यपि ट्रम्पले ८२ वर्षीय नरेशका अगाडि उक्त टिप्पणी कहिले गरेका थिए भन्ने विषयमा स्पष्ट पारेका छैनन्। साउदी अरेबियाले ट्रम्पको टिप्पणीमा बुधबारसम्म कुनै प्रतिक्रिया दिएको छैन। ट्रम्प र नरेशबीच अन्तिम वार्ता शनिबार टेलिफोनमा भएको थियो। उक्त वार्तामा दुईबीच तेल र विश्व बजारमा स्थायित्व बनाइराख्नका लागि कच्चा तेलको आपूर्ति कायम राख्ने विषयमा छलफल भएको थियो।

साउदी अरेबिया विगत केही समयदेखि ट्रम्पसँग राम्रो सम्बन्धमा काम गरिरहेको छ। तर अब तेलको बढ्दो मूल्य यसको बीचमा आइरहेको छ। ब्रेन्ट कच्चा तेलको मूल्य ८५ डरल प्रति ब्यारेलसम्म पुगेको छ। ४ वर्षमा यो सर्वाधिक मूल्य हो। ट्रम्पले जुलाइमा साउदी अरेबियाले २० लाख ब्यारेलसम्म तेल उत्पादन बढाउन सक्ने ट्विट गरेका थिए। अहिले साउदी अरेबिया दैनिक १ करोड ब्यारेल कच्चा तेल उत्पादन गरिरहेको छ।

साउदीको कीर्तिमान १ करोड ७ लाख २० हजार ब्यारेल कच्चा तेल उत्पादन रहेको छ। यसै बीच अमेरिकामा पनि तेल तथा ग्यासको मूल्य बढ्दिरहेको छ। नोभेम्बरमा ट्रम्प मध्यावधि चुनावको सामना गर्दै छन्। गत हप्ता संयुक्त राष्ट्रमा दिएको भाषणमा ट्रम्पले तेल उत्पादक देश र उनीहरुको समूह ओपेकको आलोचना गरेका थिए। ट्रम्पले तेलको मूल्य वृद्धिका लागि उनीहरु जिम्मेवार भएको आरोप लगाएका थिए।

विशाल विमानको सफल परीक्षण

बेइजिङ, (एजेन्सी)

चीनले स्वदेश निर्मित स्थल तथा पानीबाट उडान भर्न सक्ने विशाल विमान एजी ६०० को सफल उडान परीक्षण गरेको छ। उक्त उभयचर विमानलाई जांगे जलासयमा अत्यन्त तिब्र गतिमा कुद्ने जल ट्याक्सीका रूपमा सफल परीक्षण गरियो।

चीन एभिएसन इन्डस्ट्री जनरल एयरक्राफ्ट कम्पनी लिमिटेड (सीएआईजीए) अनुसार हुवेई प्रान्तका जिङ्मेन शहरमा एजी ६०० सी प्लेनको परीक्षण २ सय ४५ किलोमिटर प्रतिघण्टाको बेगमा गरिएको थियो।

एजी ६०० को नाम कुनलाङ राखिएको छ र परीक्षणका क्रममा यो स्थिर अवस्थामा रहेको र यसले सामान्य रूपमा काम गरेको सीएआई जीएले बताएको छ।

जमिन र पानीबाट उडान भर्न सक्षम विश्वको सबैभन्दा ठुलो विमानको दर्जा हासिल गर्नका लागि विकसित गरिएको एजी ६०० मा घरलु निर्मित ४ टर्बोप्रोप इन्जिन लगाइएको छ। यसको रेन्ज १२ घन्टा रहेको छ।

यसको प्रयोग मुख्य रूपमा समुद्रमा उद्धार कार्य, जङ्गलमा लागेको डढेलो निभाउन र समुद्रमा निगरानी राख्न गरिनेछ। चीनको सरकारी न्युज एजेन्सी सिन्≈वाले उक्त जानकारी दिएको छ। गत डिसेम्बरमा आफ्नो पहिलो उडानपछि उक्त विमानको कयौं सफल परीक्षण भएको छ।

चिनियाँ चर्चित अभिनेत्री फानलाई करोडौं डलर जरिवाना

बेइजिङ, (एजेन्सी)

चीन सरकारले चिनियाँ चर्चित मेघा स्टार फान विंगविंगलाई कर छलेको र अन्य अपराधका लागि करिब १२ करोड ९० लाख अमेरिकी डलर जरिवाना गएिको बुधबार जनाएको छ। गत जुलाईमा अचानक बेपत्ता भएकी उनले सामाजिक सञ्जालमार्फत आफ्ना प्रशंसकहरुसंग सार्वजनिक रूपमा आफ्नो कार्यप्रति माफी मागेकी छिन्।

चीनको सबैभन्दा बढी पारिश्रमिक लिने अभिनेत्रीमध्ये एक फानले यदि समयमै तोकिएको जरिवाना रकम भुक्तान गरेको खण्डमा उनलाई अन्य अपराधिक सजायबाट मुक्त गरिने चीनको आधिकारिक समाचार निकाय सिन्हवाले जनाएको छ। सेलिब्रेटीहरुले कसरी आफ्नो कमाइ लुकाउँछन् भन्नेबारे सरकारले गरेको गम्भीर अनुसन्धानमा उनको नाम पनि मुछिएको हो। यस कार्यका लागि केही महँगा कलाकारहरुले तथाकथित 'यिन याँङ सम्झौता' प्रयोग गर्ने गरेको बताइएको छ।

यस सम्झौताअनुसार कलाकारहरुको वास्तविक कमाइको परिमाण लुकाउन अर्थात कर अधिकारीहरुलाई छल्नका लागि दुईवटा कागजात तयार पार्ने गरिन्छ। अहिले सरकारी निकायले फोन र उनका कम्पनीहरुलाई कर, जरिवाना र सजायस्वरूप ठूलो परिमाणमा रकम भुक्तान गर्न आदेश दिएको हो। 'एक्स मेन' र ' आइरन म्यान' फिल्म फ्रेन्चाइजमा देखापरेकी ३७ वर्षीय फान गत १ जुलाईदेखि सार्वजनिक स्थलमा देखा परेकी थिइनन्।

उनी कहाँ होलिने भन्ने बारे जनताले नानाथरिका अडकलबाजी गरेका थिए। उनी कहाँ छिन् भन्ने वास्तविक तथ्य नखुले पनि धेरैले उनलाई कुनै अज्ञात स्थलमा थुनेर राखिएको हुनुपर्ने दाबी गरेका थिए। बुधबार उनले सामाजिक सञ्जाल वेइवो अकाउन्टमार्फत करोडौं प्रशंसकसमक्ष माफी माग्दै आफ्नो कर्मप्रति आफू निकै लज्जित भएको बताएकी थिइन्।

उनले आफ्नो गल्तीका लागि जुनसुकै सजाय भोग्न पनि तयार रहेको बताएकी छिन्। उनले सत्तारुढ चिनियाँ कम्युनिस्ट पार्टीको प्रशंसा गर्दै भनेकी छिन्,- 'पार्टी र सरकारको असल नीति र चिनियाँ जनताको मायाबिना फोन विंगविंगको कुनै अस्तित्व नै हुन्न।'

आक्रमणकारीको गोली लागेर प्रहरीको मृत्यु

वासिंगटन, (एजेन्सी)

अमेरिकाको साउथ क्यारोलिनामा सातजना प्रहरीमाथि गोली प्रहार भएको र तीमध्ये एक जनाको ज्यान गएको सरकारी अधिकारीहरुले बताएका छन्। फ्लोरेन्स शहरका प्रहरीहरु एकजना बन्दुकधारीद्वारा बन्धक बनाइएका बालबालिकाहरुलाई मुक्त बनाउने प्रयासमा गोलीको शिकार भएका हुन्।

दुई घन्टासम्म बालबालिकालाई कब्जामा लिएर बसेका ती व्यक्तिले अन्ततः आत्मसमर्पण गरेपछि उनलाई अस्पताल पुऱ्याइएको थियो। ती व्यक्तिको परिचय खुलाइएको छैन भने उनको उद्देश्य पनि स्पष्ट हुन सकेको छैन।

प्रहरीले सम्पूर्ण बालबालिका सशकुशल रहेको बताएको छ। पत्रकार सम्मेलनमा फ्लोरेन्स काउन्टिका सेरिफ केन्नी बुनेले यस घटनामा काउन्टि सेरिफका तीन जना डिपुटी र चार जना फ्लोरेन्स प्रहरी अधिकारी गोली लागेर घाइते भएको जानकारी दिएका छन्।

काउन्टी सेरिफको सहयोगका लागि प्रहरी घटनास्थलमा पुगेका थिए। स्थानीय सञ्चार माध्यमले ५२ वर्षीय प्रहरी अधिकृत टेर्रेन्नस क्यारविेको गोलीको चोटका कारण ज्यान गएको जनाएको छ।

प्रहरीहरुलाई ती बन्दुकधारीको गोली हान्ने कुशलताको ज्ञान नभएका कारण यो अप्रिय घटना घटेको बताइएको छ। सन् २०१७ मा अमेरिकाका विभिन्न राज्यमा गोली लागेर १५ हजारजना भन्दा बढी व्यक्तिको ज्यान गएको छ।



चार रुसीमाथि साइबर आक्रमणको आरोप

आम्सटर्डम्स, (एजेन्सी)

डच सुरक्षा सेवाहरुले बिहीबार आफूहरुले विश्वव्यापी रसायनिक हतियारको निरानी राख्ने निकायमाथि लक्षित गर्दै साइबर आक्रमण गर्ने योजनामा रहेका चारजना रुसी नागरिकलाई देश निकाला गरेको जनाएको छ।

गत अप्रिलमा हेगस्थित रसायनिक हातहतियार प्रतिबन्धका लागि संगठन (ओपीसीडब्ल्यु)माथि रसियाको जिआरयु सैनिक गुप्तचरबाट सो आक्रमणको लक्ष राखिएको बताइएको छ।

ओपिसिडब्ल्युले बेलायतको सालिसवरीमा एकजना रुसी पूर्वगुप्तचर अधिकारी र उनकी पुत्रीमाथि भएको नर्भ एजेन्ट आक्रमण बारे अनुसन्धान गर्दै आइरहेको छ। रुसमाथि विश्वका विभिन्न स्थानमा संगठित रूपमा साइबर आक्रमण गर्दै आएको आरोप लाग्ने गरेको छ।

यस विषयमा बयान दिनका लागि डच सरकारले नेदरल्यान्डका लागि रुसी राजदूतलाई अनुरोध गरेको छ। डच रक्षामन्त्री आन्क बिज्लेभेल्द स्कोतेनले रसियाको यस्तो कार्यहरुको रहस्योद्घाटन भइसकेपछि आइन्दा रसियाले यस्तो काम दोहऱ्याउन नहुने बताएका छन्।

बेलायती विदेशमन्त्री जेरेमी हन्टले आफ्नो गठबन्धनसंग मिलेर रसियामाथि थप नाकाबन्दी लगाउने बारे छलफल भइरहेको बताएका छन्। यसअघि नै बेलायत सरकारले जीआरयूमाथि उच्च स्तरको साइबर आक्रमण गरेको अभियोग लगाएको थियो। जीआरयूमाथि रसिया र युक्रेनका विभिन्न कम्पनी, अमेरिकी डेमोक्रेटिक पार्टी र बेलायतको एउटा सानो टेलिभिजन नेटवर्कमा आक्रमण गरेको आरोप लागेको थियो।